बागमती गाउँपालिका, मकवानपुर

बागमती राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२।०८।१६

भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार तथा रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ८ को उप दफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले स्वीकृत गरेको देहायमा उल्लिखित कानुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

# श्रम बैंक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः** स्थानीय तहमा सार्वजनिक विकास निर्माणका सामुदायिक योजनाहरु सम्बन्धित समुदायका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्ने तथा **"श्रम गरौं आफ्नो गाउँ आफैं बनाऔं"** भन्ने मूल नाराका साथ अल्पकालीन रोजगारीमा पहुँच वृद्धि गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार तथा रोजगारीको हकसम्वन्धी ऐन, २०७५ को दफा ८ को उप दफा (१) प्रयोग गरी यस बागमती गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "श्रम बैंक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यविधि" भन्नाले श्रम बैंक सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले रोजगारीको हकसम्वन्धी ऐन, २०७५ सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिका सम्झनु पर्दछ।

(घ) "समुदाय" भन्नाले टोल, गाउँ वा बस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ।

(ङ) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रममूलक सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ।

(च) "श्रम बैंक" भन्नाले श्रममुलक सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनाहरुको प्राथमिकीकरण गरिएको सूची सम्झनु पर्दछ।

(छ) "श्रम बैंक ब्यवस्थापन सूचना प्रणाली" भन्नाले श्रम बैंक सञ्चालन तथा व्यवस्थापन गर्न बनाईएको अनलाईन प्रणाली सम्झनु पर्दछ।

## परिच्छेद २

## श्रम बैंक ब्यवस्थापन सूचना प्रणाली

**३. श्रम बैंक सञ्चालन तथा व्यवस्थापन सूचना प्रणालीः** श्रम बैंक संञ्चालन तथा व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ।

(२) यस कार्यविधिबाट सञ्चालनहुने कार्यहरुको सूचना तथा तथ्याङ्क व्यवस्थित गर्न गाउँपालिकाले कम्प्युटरमा आधारित श्रम बैंक सञ्चालन तथा व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी सञ्चालन गर्नेछ।

## परिच्छेद ३

## निर्देशक समिति तथा आयोजनाको ढाँचा र क्षेत्र

**४. निर्देशक समितिः** (१) श्रम बैंक संञ्चालन तथा व्यवस्थापन, रेखदेख र आवश्यक निर्देशन गर्न एक निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम निर्देशक समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् :-

(क) गा.पा. प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) भौतिक पूर्वाधार समितिका संयोजक - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(च) यन्त्र उपकरण व्यवस्थापन शाखा प्रमुख - सदस्य

(छ) रोजगार संयोजक - सदस्य सचिव

(३) समितिको अध्यक्षले आवश्यक ठानेमा गा.पा.का कार्यपालिका सदस्य, विषय विज्ञ, कर्मचारी वा अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) श्रम बैंक संञ्चालन कार्यलाई प्रभावकारी र मितव्ययी बनाई लक्षित वर्गसम्म पुर्याउनको लागि आवश्यक सहयोग गर्ने,

(ख) श्रम बैंकमा समावेश गर्ने योजनाहरुको सूची तयार गरि गाउँ कार्यपालिकाको बैठकमा आवश्यकता अनुसार पेश गर्नु,

(ग) श्रम बैंकलाई दिगो, भरपर्दो र व्यवस्थित बनाउनु,

(घ) निर्देशक समितिले योजनाहरुको सूची तयार गर्न वडा कार्यलयहरुसँग समन्वय गर्नु,

(ङ) योजना, अनुगमन तथा मूल्याङ्कन समितिले दिएका सुझावहरु कार्यान्वयन गर्नु,

(च) श्रम बैंकमा भएका योजनाहरु सञ्चालनमा कुनै समस्या आएका समस्याको सामाधानमा गा.पा. लाई सहयोग गर्नु,

(छ) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्नु।

**५. आयोजनाको ढाँचाः** श्रम बैंक सञ्चालन गर्नको लागि बागमती गाउँपालिकाले पालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्नको लागि समुदायस्तरमा सञ्चालन हुने श्रममुलक सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना सञ्चालन गर्न सक्नेछन्ः

(१) सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना मार्फत रोजगारी सिर्जनाः योजना सञ्चालन श्रम बैंक संञ्चालन तथा व्यवस्थापन सूचना प्रणाली प्राथमिकीकरणमा रहेका श्रमिकहरुबाट आयोजनालाई चाहिने श्रमिकहरु/व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित समुदायस्तरको आयोजना सञ्चालन।

(२) सार्वजनिक पूर्वाधार मर्मत सम्भार मार्फत रोजगारी सिर्जनाः गाउँ पालिका भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित समुदायस्तरको आयोजना संञ्चालन।

(३) योजनामा काम गर्नको लागि बेरोजगार व्यक्ति सोही टोल अथवा छिमेकी टोलको बेरोजगार व्यक्तिहरुले मात्र आवेदन दिन सक्नेछन्।

**६. आयोजना सञ्चालनका क्षेत्रः** यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरु भित्र पर्ने आयोजना छनौट गर्नु पर्नेछः

(क) सडक निर्माण तथा मर्मत सम्भारः-

- गाउँपालिका भित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक तथा गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार।

(ख) कृषि तथा सिँचाईः-

- सिँचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार।
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार।
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शित भण्डार, हाट बजार र तरकारी तथा फलफूल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार।

(ग) ग्रामीण खानेपानीः-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार।

(घ) स्वास्थ्य तथा सरसफाईः-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार।
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार।
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार।

(ङ) शिक्षाः-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार।

(च) वन तथा जलाधारः-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण।
- पहिरो तथा नदी नियन्त्रण।
- साना बाँध निर्माण।

(छ) पशुः-

- पशु हाटबजार निर्माण।
- पशु वधशाला निर्माण।
- गोठ, खोर तथा माछा पोखरी निर्माण।
- गोठ तथा भकारो सुधार।

(ज) पर्यटनः-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार।
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सिँढी, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण।
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण।

(झ) अन्य सार्वजनिक निर्माणका कार्यहरु।

## परिच्छेद ४

## आयोजना छनौट प्रक्रिया

**७. आयोजना छनौटः** (१) यस बागमती गाउँपालिकाका वडा कार्यालयहरुबाट परिच्छेद ३, दफा ५ अनुरुपका क्षेत्रहरुबाट एउटा योजना रु.१० लाख भन्दा बढी नहुने गरी योजनाहरुलाई प्राथमिकीकरण गरि गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ। पेश गरिएका योजनाहरुको सूची गाउँ कार्यपालिकाबाट छनौट गरी योजना बैंक (**श्रम बैंक सञ्चालन तथा व्यवस्थापन सूचना प्रणाली**) मा प्रविष्ट गरिनेछ।

(२) योजना सम्भव भए सम्म एउटै टोलमा योजना स्थल पर्ने गरी छनौट गर्नु पर्नेछ। यदि सम्भव नभएमा मात्र दुई वटा टोलमा योजना स्थल पर्ने गरी छनौट गर्न पाईनेछ।

(३) उपदफा (१) बमोजिमका आयोजनाहरु माग गर्दा वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गर्नु पर्नेछ।

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद् व्यवस्थापन गर्न योगदान पुर्याउने।

**८. योजनाको लागत अनुमान सम्बन्धमाः** (१) श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेः आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरि आयोजनाको लागत अनुमान तयार पार्नु पर्नेछ। व्याक हो लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशीनहरु प्रयोग नगर्ने गरि लागत अनुमान प्राविधिकले तयार गर्नु पर्नेछ।

## परिच्छेद ५

## आयोजना कार्यान्वयन प्रक्रिया

**९. बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनेः** (१) छनौट भएको योजना संचालन गर्नु भन्दा पहिला १५ (पन्ध) दिन अगाडि सम्बन्धित योजनामा काम गर्न चाहनेहरुको आवेदनको तथा छनौटको लागि यस कार्यविधिको **अनुसूची १**

**अनुसार माग तथा अनुसूची ३ अनुसार प्राथमिकीकरण गरी** श्रमिकहरुलाई श्रम गरेको दिनको ज्याला सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत भुक्तानी दिने गरि श्रममा खटाउनु पर्ने।

(२) श्रमिक व्यक्तिले दिने आवेदन यस कार्यविधिको अनुसुची-३ अनुसार हुनेछ।

(३) श्रमिकहरुको बैंक खाता खोल्ने ब्यवस्था मिलाउनु पर्नेछ।

**१०. काम वापतको पारिश्रमिकः** यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर जिल्ला दररेटमा भएको अदक्ष कामदारको ज्यालाको ८० प्रतिशत वा नेपाल सरकारले निर्धारण गरेको अदक्ष कामदारको ज्याला मध्य जुन बढी हुन्छ सोही अनुसार ज्याला दर निर्धारण हुनेछ।

**११. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित वडा कार्यालयले आयोजनागत रुपमा खटाईएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहितको सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना र अन्य सदस्यहरु मध्ये कम्तीमा २ जना महिला हुनु पर्नेछ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछः

- कुनै फौजदारी अभियोग नलागेको,
- सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,
- कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,
- निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने टोलको स्थायी वासिन्दा हुनु पर्नेछ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधि आयोजना अवधिभर मात्र रहनेछ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ।

**१२. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी गाउँपालिकामा सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजीकरण गर्ने।

**१३. बैंक खाता सञ्चालन सम्बन्धमाः** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ।

**१४. न्यूनतम साठी प्रतिशत रकम ज्यालामा खर्च हुनुपर्नेः** प्राविधिकले लागत अनुमान तयार गर्दा आयोजनाको कुल लागतको कम्तीमा साठी प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च हुने गरि देहाय बमोजिमको सीमा भित्र रही खर्चको प्रस्ताव गर्नु पर्नेछः

| क्र.सं. | खर्चको क्षेत्र | खर्च सीमा(कुल अनुमानित लागतको) |
|---|---|---|
| १. | श्रमिकको ज्याला भुक्तानी | न्यूनतम ६० प्रतिशत |
| २. | निर्माण सामग्री खरिद | अधिकतम ३५ प्रतिशत |
| ३. | कामका लागि आवश्यक हते औजार | अधिकतम २ प्रतिशत |
| ४. | श्रमिकका लागि कार्यस्थल सुरक्षा सामग्री खरिद | अधिकतम २ प्रतिशत |
| ५. | कन्टिन्जेन्सी खर्च | अधिकतम १ प्रतिशत |

**१५. निर्माण सामग्री, निर्माण सामग्री खरिद र श्रमिकका लागि कार्यस्थल सुरक्षा सामग्री खरिदः** प्राविधिकले दफा १४ अनुरुप तयार पारेको लागत अनुमानको आधारमा आवश्यक निर्माण सामग्री, निर्माण सामग्री खरीद र श्रमिकका लागि कार्यस्थल सुरक्षा सामग्री खरिद रोजगार उपभोक्ता समितिले खरिद गर्न सक्नेछ।

**१६. खर्च व्यवस्थापन प्रक्रियाः** (१) आयोजना संचालन गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ।

(२) आफूले प्राप्त गरेको रकमको अनुशासित  र पारदर्शी रुपमा खर्च गर्ने।

(३) आयोजनाको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

**१७. श्रमिकको ज्याला भुक्तानीः** (१) गा.पा.ले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

(२) श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार गाउँपालिकाले दफा १४ को अनुसार श्रमिकको ज्याला भुक्तानी गर्नु पर्नेछ। यदि प्राविधिक मूल्याङ्कनबाट इष्टिमेट अनुसारको कार्यप्रगति भएको नदेखिएमा सम्पन्न भएको कार्य बराबरको आंशिक भुक्तानी दिन सकिनेछ।

## परिच्छेद ५
## विविध

**१८. अनुगमन सम्वन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम संचालन भएका योजनाहरुको अनुगमन तथा मूल्याङ्कन बागमती गाउँपालिकाको अनुगमन समितिबाट गरिनेछ।

**१९. बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

बागमती गाउँपालिका, मकवानपुर

**अनुसुची-१**

**दफा ९ को उपदफा १ अनुसार**

**आ.व. २०८२/०८३ लागि श्रमिक प्राथमिकता सूचीमा आवेदन दिने सम्बन्धी सूचना** **सूचना प्रकाशित मितिः नेपाल संवत् ..........**

श्रम बैंक संञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ दफा ९ को उपदफा १ अनुसार प्रत्येक वर्ष श्रमिक प्राथमिकता सूचीमा पर्ने श्रमिकहरुले ......... दिनको न्यूनतम रोजगारी प्राप्त गर्ने व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८.../०८... मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका श्रमिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफू स्थायी बसोवास गरेको वडा कार्यालयमा सूचीकृत हुन आवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। आवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी बागमती गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रोजगार सेवा केन्द्र एवम् प्रत्येक वडा कार्यालयहरु तथा बागमती गाउँपालिकाको वेबसाइट www.bagmatimunmakawanpur.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**श्रमिक सूचीकरण सम्बन्धी प्राबधानः**

(क) १८ बर्ष देखि ५९ बर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिँदाको मिति सम्म सोही आर्थिक बर्षमा न्यूनतम ......... दिनको रोजगारीमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मिति सम्म सोही आर्थिक वर्षमा ......... दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकिएको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक बर्षको सन्दर्भमा रु. ......... भन्दा कम आय भएको हुनु पर्ने।

**आवश्यक कागजातहरुः**

१. निवेदकको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति,
२. निवेदकको पासपोर्ट साइजको फोटो- १ प्रति,
३. निवेदकले कुनै सिपमूलक तालिम लिएको भए सोको प्रतिलिपि- १ प्रति,
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण-पत्र वा जन्मदर्ता प्रमाण-पात्रको प्रतिलिपि-१ प्रति,
५. बसाईंसराई गरी आएको हकमा बसाईंसराई दर्ता प्रमाण-पत्रको प्रतिलिपि- १ प्रति।

अनुसुची-२
दफा ९ को उपदफा १ अनुसार

**आवेदन फाराम**

मितिः.........................

**बागमती गाउँपालिकाको वडा नं.........., ............ टोलमा सञ्चालन हुने .........................योजनामा आबद्ध भई रोजगारी प्राप्तिको लागि देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गर्दछु।**

१. नाम, थरः............................................................

२. लिङ्गः (क) महिला (ख) पुरुष (ग) अन्य

३. वर्ग

(क) दलित (ख) आदिबासी जनजाति (ग) वैश्य (घ) मुसलमान

(ङ) मधेशी (च) ब्राह्मण/क्षेत्री

४. सम्पर्क नं.....................................इमेलः..............................................

५. नागरिकता नं................................वा राष्ट्रिय परिचय पत्र नं..................................

६. जन्म मितिः...................................

७. स्थायि ठेगानाः प्रदेशः.....................जिल्लाः............ वडा नं........... टोल................

८. शैक्षिक अवस्थाः....................................

९. कार्य क्षमताः (क) दक्ष भएर काम गरेको अवधि.............. (ख) अदक्ष भएर काम गरेको अवधि..............

१०. कार्य अनुभवः (छ भने उल्लेख गर्ने)...................................

११. बैदेशिक रोजगारीबाट फर्केको हो/होईनः........देशः......................कामको विवरणः...........................अवधिः............................

१२. तपाईं कुनै वर्गमा पर्नु भएको छ भने चिन्ह लगाउनुहोस।

(क) भूमिहीन वा सुकुम्बासी (ख) एकल महिला

(ग) सहिद परिवार वा वेपत्ता परिवारको सदस्य (घ) शारीरिक अपाङ्गता

१३. परिवारको वास्तविक बार्षिक आय रु. ....................

**उपर्युक्त बमोजिमको विवरणहरु सही हो, फरक परे कानुन बमोजिम सहुँला बुझाउँला।**

दस्तखतः..........................

औठा छापः

**अनुसुची-३**

**दफा ९ को, उपदफा १ अनुसार**

| क्र.सं. | विवरण | कुल अङ्कभार | श्रमिकले प्राप्त गरेको अङ्कभार | कैफीयत |
|---|---|---|---|---|
| १ | वर्ग | २० | ➢ दलित-२०<br>➢ आदीबासी जनजाति-१५<br>➢ वैश्य-१२<br>➢ मुसलमान-१०<br>➢ मधेशी-८<br>➢ ब्राह्मण/क्षेत्री-५ | |
| २ | समूह | २० | ➢ भूमिहीन वा सुकुम्बासी-२०<br>➢ एकल महिला-१५<br>➢ सहिद परिवार वा वेपत्ता परिवारको सदस्य-१० | |
| ३ | वार्षिक आय | २० | ➢ पचास हजार भन्दा कम-२०<br>➢ एक लाख भन्दा कम-१५ | |

बागमती गाउँपालिका, मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| | | | ➢ एक लाख भन्दा बढी-१० | |
| ४ | कार्य अनुभव | २० | ➢ कार्य अनुभव भएमा-२०<br>➢ कार्य अनुभव नभएमा-१० | |
| ५ | योजना स्थलको श्रमिक/बाहिरको | २० | ➢ योजना स्थलको श्रमिक भएमा-२०<br>➢ योजना स्थलको श्रमिक नभएमा-१० | |
| | जम्मा | १०० | | |

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर